नेपाल सरकार
शिक्षा मन्त्रालय
युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको
**साझेदारी परियोजना प्रस्ताव (Project Proposals) आव्हान गरिएको**
**सूचना**
प्रथम पटक प्रकाशित मिति : २०६८/४/१०

युनेस्को प्रधान कार्यालय, पेरिसको सन् २०११।२०१२ को कार्यक्रम र बजेट अर्न्तगत सहभागितात्मक कार्यक्रम (Participation Programme) मा नेपालको तर्फबाट शिक्षा, संस्कृति, विज्ञान, आम-संचार र सामाजिक क्षेत्रसँग सम्बन्धित परियोजना प्रस्तावहरू पेश गर्नको लागि उल्लेखित क्षेत्रसँग सम्बन्धित तोकिएका शर्त पुरा गरेका संघ संस्थाबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० (तिस) दिन भित्र यस सचिवालयमा आइपुग्ने गरी परियोजना प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समयभित्र विधिपूर्वक प्राप्त परियोजनाहरू मध्ये विज्ञ टोलीबाट छनौट गरी परियोजना प्रस्तावहरु आर्थिक सहयोगका लागि सिफारिस सहित पेरिसमा पठाइने छ । परियोजना प्रस्ताव यस सचिवालयबाट प्राप्त हुने ढाँचा र शर्त बमोजिम पेश गर्नु पर्नेछ । यस सचिवालयमा पेश हुने प्रस्ताव युनेस्को पेरिसमा सिफारिस गर्ने नगर्ने सम्पूर्ण अधिकार यस सचिवालयसंग सुरक्षित रहनेछ र प्राप्त परियोजना प्रस्तावहरु प्रस्तावकलाई फिर्ता गरिने छैन ।

परियोजना प्रस्तावको शर्त, ढाँचा तथा विस्तृत विवरणका लागि सार्वजनिक विदाको दिन वाहेक अन्य दिनमा कार्यालय समयमा आयोगको सचिवालय, केशरमहलमा सम्पर्क गर्न वा यस सचिवालयको वेभसाइट www.nncu.org.np मा हेर्नु हुन अनुरोध गरिन्छ ।

## युनेस्को सहभागितामुलक कार्यक्रम २०११/२०१२ मा सहभागि हुन इच्छुक संघ संस्थाले पालना गर्नु पर्ने शर्तहरु, परियोजना प्रस्तावको ढाँचा तथा विस्तृत विवरण

१- परियोजना प्रस्तावको कार्य अबधि अधिकतम १ बर्ष सम्मको हुनु पर्नेछ ।
२- परियोजना पेश गर्ने संस्था परियोजना प्रस्तावको विषय क्षेत्रसँग सम्बन्धित कार्य गर्ने गरी स्थापित भएको हुन पर्नेछ ।
३- संस्थाको साल वसाली नविकरण र लेखा परिक्षण (अडिट) भएको प्रमाण-पत्र भएको ।
४- प्रस्तावित परियोजनाको विषय क्षेत्र सम्बन्धी प्रयाप्त विज्ञ तथा प्रशासनिक कर्मचारी र कार्यालय भएको ।
५- परियोजना प्रस्तावको बजेट रकम अधिकतम युएस डलर २०,००० भन्दा बढी हुन नहुने र प्रस्तावित बजेट रकमको कम्तिमा २५% परियोजना सञ्चालक संस्थाले अनिवार्य रुपमा व्यहोर्नु पर्नेछ ।
६- परियोजना सञ्चालनमा बिशेषज्ञ संलग्न हुने भएमा त्यस्ता विशेषज्ञको व्यक्तिगत विवरण परियोजना साथ पेश गर्नु पर्नेछ ।
७- एक संस्थाले शिक्षा, संस्कृति, आम-सञ्चार, विज्ञान र सामाजिक विषय मध्ये कुनै एक विषयसंग सम्बन्धित एकवटा मात्र प्रस्ताव पेश गर्न पाउने छ ।
८- परियोजना प्रस्तावमा प्रस्तावित रकम भन्दा कम रकम युनेस्को पेरिसबाट प्राप्त भएमा पनि प्रस्तावकले परियोजना संचालन गर्नु पर्नेछ ।
९- परियोजना प्रस्ताव अग्रेजी भाषाको Times New Roman को 12 Font मा A4 साइजको कागजमा ५ प्रति तयार गरि सोको Electronic version समेत प्रस्तावक संस्थाको प्रतिनिधि स्वंय उपस्थित भई सचिवालयमा पेश गर्नु पर्नेछ ।
१०- परियोजना प्रस्ताव सम्वन्धी युनेस्को पेरिससँग हुने सम्पूर्ण लेखापढी युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयले गर्नेछ ।
११- प्राप्त परियोजना प्रस्ताव छनौट गर्ने, युनेस्को पेरिसमा सिफारिस गर्ने र पेरिसबाट स्वीकृत भई आर्थिक सहयोग प्राप्त भएपछि आवश्यक निर्देशन सहित प्रस्तावक संस्थाबाट कार्य सम्पन्न गर्ने गराउने सम्वन्धी सबै अधिकार सचिवालयमा रहनेछ ।
१२- सचिवालयमा पेस भएका परियोजना प्रस्तावहरु कुनै पनि प्रस्तावकलाई फिर्ता गरिने छैन ।
१३- तोकिएको समय भित्र सचिवालयमा दर्ता नभएका र प्रस्ताव साथ सम्लग्न हुन पर्ने कागजात संलग्न नभएका परियोजना प्रस्तावहरुलाई मुल्याङ्नमा सहभागी गराइने छैन ।

# परियोजना प्रस्तावको ढाँचा

## <u>Following points should be included in the Proposal</u>

Title of the Project/Study :

1. Background
2. Rationale of the Project/Study
3. Objectives
    - General
    - Specific
4. Approach and Methodology
5. Proposed Work plan
6. Project Schedule
7. Project Personnel's
8. Envisaged benefit from the Project
9. Project Cost
    - UNESCO Contribution
    - Implementing Agency's Contribution

माथी उल्लेखित ढाँचामा परियोजना प्रस्ताव तयार गरी पेश गर्नु पर्नेछ ।

परियोजना प्रस्तावको शर्त, ढाँचा तथा विस्तृत विवरण सार्वजनिक विदाको दिन वाहेक अन्य दिनमा कार्यालय समयमा आयोगको सचिवालय, केशरमहलबाट प्राप्त गर्न सकिनेछ ।